गाउँसभाका सम्मानित सभाध्यक्ष महोदय,

उपस्थित गाउँसभाका सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

मानु रोपेर मुरी उव्जाउने यो व्यस्त अषाढको महिनामा, आफ्नो महत्वपूर्ण कामलाई छोडेर हाल यस जिल्लामा भएको लकडाउन र वर्षायामको अविरल पानीमा पनि कठिन र संघर्षपूर्ण यात्रा पार गरि यस गरिमामय गाउँसभामा उपस्थित हुनुहुने सम्पूर्ण सभाका सदस्य ज्यूहरुमा म मेरो व्यक्तीगत र यस बराहताल गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दै सभा संचालन देखि सम्पन्न नहुन्जेल सम्म यहाँको सक्रिय सहभागिता रहने छ भन्ने पूर्ण आशा गरेको छु ।

कोभिड-१९ नामको कोरोना भाइरसको पहिलो र दोश्रो लहरवाट विश्वव्यापी महामारीले सिर्जना गरेको चुनौतीपूर्ण परिस्थिति र बन्दावन्दी बीच सामाजिक र भौतिक दुरी कायम राख्दै कोभिड-१९ महामारीले सृजना गरेको हाम्रो जीवन कालकै सर्वाधिक चुनौतिपूर्ण परिस्थितीको सामनागदै बराहताल बासिको जीवन रक्षा गर्न अर्थतन्त्र गतिशील तुल्याई गाउँपालिकाको चौथर्पि विकास गर्न सकिन्छ भन्ने दृढ विस्वासकासाथ नेपालको संविधान वमोजिम गठित स्थानीय सरकारको तर्फबाट आज आर्थिक वर्ष २०७८/०७९ को निति यस सम्मानित सभा समक्ष पेश गर्न गइरहेको छु ।

1. सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्र संघिय शासन प्रणाली समावेशिता धर्म निरपेक्षता,सामाजिक न्यायका लागि भएका जनआन्दोलन,जनयुध्द र कर्णाली प्रदेश स्थापनाको लागि आफ्नो जिवनको बलिदानी दिनुहुने महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । ति आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरुहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

2. कोभिड-१९ को पहिलो र दोश्रो लहरकै कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षति भइ मानविय संकट पैदा भएको छ ।संकमण रोकथाम, नियन्त्रण र उपचारकालागि गरिएको अथक प्रयासका वावजुद ठूलो संख्यामा नपालीले ज्यान गमाउनु परेकोछ भने अरु लाखौ संक्रमित छन् । यस माहामारीबाट देश भित्र र देश बाहिर आफ्नो अमुल्य जिवन गुमाउनु हुने नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरु प्रति हार्दिक श्रध्दान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति

गहिरो समवेदना व्यक्त गर्दछु । संक्रमित भइ उपचारमा रहनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

गाउँसभाका सम्मानित सभाध्यक्ष महोदय,

अब म यस बराहताल गाउँपालिकाको निति यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमती माग्दछु ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु,**

## आर्थिक विकास संग सम्वन्धीत नीति

### पशुपन्छी विकास तर्फ

1. पशुपालन मार्फत स्थानिय स्वरोजगार वृद्धि गर्दै पशुपन्छीजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर वनाउनुका साथै उत्पदित पशुजन्य वस्तुको निर्यात गरि आर्थिक विकास गर्ने निती लिईनेछ ।
2. तथा उपभोगको माध्यमबाट खाद्य तथा पोषण सुरक्षामा योगदान पुराउन स्थानिय तथा रैथान जातका कुखुरा, वंगुर र खरी बाख्रा लाई प्रवद्र्धन गरिनेछ ।
3. व्यवसायीक एवमं उन्नत जातका पशुपन्छी तथा माछापालन र उच्च मूल्यका पन्छीपालन व्यवसाय लाई प्रोत्साहन गरि आर्थिक विकाश गरिनेछ ।
4. स्थानीय स्तरमा पशुजन्य बस्तुमा आधारित साना तथा घरेलु उद्योग संचालनका माध्यमबाट स्थानीय रोजगारी सृजनागर्दै कृषिउपजको बजारिकरणमा प्रोत्साहन गरिनेछ ।
5. संघिय तथा प्रदेश सरकारको निती अनुरुप कृषक प्रोत्साहन, पशुबीमा, जस्ता किसान मैत्री कार्यक्रम संघ र प्रदेश सरकार संग साझेदारी तथा सहकार्य गरी सञ्चालन गरिनेछ ।
6. पशुपन्छीका लागि आवश्यक पर्ने सामान्य किसिमका औषधी, भ्याक्सीन, लगायतका आधारभूत उत्पादन सामग्रीको समयमै उपलब्धता सुनिश्चित गरिनेछ ।
7. पशुजन्य उत्पादन वृद्धि गर्न पकेट र व्लक कार्यक्रम सञ्चालन संचालनको लागि स्थलगत अध्ययन तथा लागत अनुमान तयार गरि संघ तथा प्रदेश सरकार संगको पहल तथा सझेदारीमा संचालन गरिनेछ ।
8. कर्मचारीको क्षमता अभिबृद्धि गर्नका लागि नयाँ नयाँ प्रबिधि अनुसारको तालिमको व्यवस्थापन गरिनेछ ।
9. समय सापेक्ष कृषि प्रविधिहरुको विस्तार र कृषक स्तरमा अनुशरणको दरलाई वृद्धि गरि उत्पादन तथा उत्पादकत्व वृद्धिलाइ प्रोत्साहन गर्न क्षमता अभिवृद्धि का कार्यक्रमहरु संचालन गरिनेछ ।
10. कृषिको व्यवसायीकरण तथा उद्यमशिलता विकासको माध्यमबाट ग्रामिण रोजगारी सृजनागर्दै उत्पादन वृद्धि गर्नको लागी कृषि व्यवसायीकरण कार्यक्रम संचालन गरिनेछ ।
11. दुध, माछा मासु, अण्डा र उच्च मूल्यका अन्य पशुजन्य उपजमा पकेट क्षेत्र प्रवद्र्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
12. प्रदेश र संघ सरकार संगको समन्वय तथा साझेदारीमा पालीका क्षेत्रभित्र एक विशेष उत्पादन क्षेत्र, बाख्रा श्रोत्र केन्द, घाँस श्रोत्र केन्द्र र पानीको सम्भावना भएका वडा हरुमा एक वडा एक पोखरी वा जलाशय जस्ता कार्यक्रम संचालन गरिनेछ ।

13. पशुजन्य उत्पादनको  उचित भण्डारण तथा बजारीकरणमा प्रवद्र्धन गर्नको लागि पालीका क्षेत्र भित्र सम्भाव्यताको आधारमा सानो आकारको चिलिंग सेन्टर र पशु संकलन केन्दहरु निर्माणलाई प्रोत्साहनगरिने छ । कार्यक्रम संचालनको लागि छिमेकी स्थानीयतह तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।

**कृषि विकास नीति**

1. जलवायु परिवर्तनका कारण कृषिको उत्पादन तथा उत्पादकत्व घट्दै गैरहेको सन्दर्भमा जलवायु परिवर्तनको असरलाइ न्युनिकरण गर्दै अनुकुलन हुने खालका उपायहरु अवलम्बन गरि कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धीमा लगानी गर्ने ।
2. कृषि जन्य बस्तुहरुको नियमित उत्पादन तथा सही उपभोगको माध्यमबाट खाद्य तथा पोषण सुरक्षामा योगदान पुराउन **"एक घर एक करेसावारी"**अवधारणालाइ कार्यान्वयन गर्न करेसावारी स्थापना तथा संचालन कार्यक्रमलाइ निरन्तरता दिदै विस्तार गरिने छ । उत्कृषट करेसावारी स्थापनालाइ प्रोत्साहन गर्न **उपाध्यक्ष उत्कृष्ट करेवारी पुरस्कार कार्यक्रम** संचालन गरिने छ ।
3. कृषि उत्पादनको महत्व खाद्य तथा पोषण सुरक्षामा यसको योगदान सम्बन्धी सचेतनालाइ वृद्धी गर्न विद्यालय स्तरदेखी नै सचेतना बढाउन विद्यालय प्रशिक्षण कार्यक्रम संचालन गरिने छ ।आगामी पहिलो आ व मा कम्तीमा एक वडाको एउटा विद्यालयमा यो कार्यक्रम संचालन गरिने छ ।
4. कृषि जन्य वस्तुमा आधारीत घरेलु तथा साना उद्योगको स्थापना तथा संचालन गरी स्थानीय स्तरमै रोजगारी सृजना गर्दै कृषि उपजको बजारीकरणमा प्रोत्साहन गरिने छ ।कृषिमा आधारीत उद्योगहरुको स्थापनका लागी सम्भाव्या अध्ययन गरी निजी क्षेत्रको सहकार्य र सहलगानीमा यस्ता कार्यक्रमहरु संचालन गरिनेछन ।
5. मल विउ बेर्ना विषादी सुक्ष्मतत्व तथा कृषि उत्पादनमा प्रत्यक्ष सरोकार राख्ने अन्य कृषि सामाग्रीको समयमै उपलब्धताको सुनिश्चितता गर्दै अनुदानका कार्यक्रमहरु संचालन गरिने छ ।
6. कृषि उत्पादनको लागी सिंचाइ मुख्य पुर्वाधार भएको कारण सम्भाव्यताका आधारमा ठुला तथा साना सिंचाइका पुर्वाधार निर्माणमा लगानी गरिने छ । जलवायु परिवर्तनको असरलाइ न्युनिकरण गर्न सुख्खा क्षेत्रमा वर्षातको पानी संकलन गरि प्रयोग गर्न प्लाषटीक पोखरी ,भुमिगत पोखरी जस्ता पुर्वाधार निर्माणमा लगानी गरिने छ।
7. परिवर्तीत कृषि प्रविधीलाइ कृषक सम्म पुराउन तथा कृषकका विद्यमान प्राविधिक समस्याहरुलाइ समाधान गर्दै कृषिको उत्पादन तथा उत्पादकत्व वद्धी गर्न कृषि प्रसारका नियमित कार्यक्रा तथा क्षमता अविवृद्धीका कार्यक्रमहरु लाइ निरन्तरता दिदै थप कार्यक्रम संचालन गरिने छ ।
8. कृषिमा यान्त्रीकिकरणको विकास गरी कृषि उत्पादनको लागताइ कम गर्दै वजारमुखी उत्पादन प्रवर्धन गर्न तथा उत्पादकत्व वृद्धी गर्न कृषिमा प्रयोग हुने यन्त्र तथ उपकरणहरु लागत सहभागीतमा अनुदान दिने कार्यक्रमहरु संचालन गरिने छ ।
9. कृषि क्षेत्रको व्यवसायीकरणको माध्यमबाट रोजगारी सृजना गरी आम्दानी वृद्धी गर्न एक वाली एक पकेटक्षेत्रको कार्यक्रमलाइ निरन्तरता दिइने छ। थप सम्भावय वालीहरुको पकेटक्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिने छ

10. वांझो जमिन राख्ने प्रवृतीलाइ निरुत्साहीत गर्ने तथा सार्वाजानीक रुपमा रहेका वांझो जमिन तथा खेर गैरहेका जमिनहरुमा कृषि उत्पादन गर्न प्रोत्साहन गरिने छ ।**"जमिन बाझो नराखौ सक्नेलाइ खेती गर्न दिउ"** भन्ने अभियानलाइ कार्यान्वयन गर्न आधारीत अनुदानका कार्यक्रमहरु संचानल गरिने छ ।

11. युवा जनश्क्तीलाइ विदेश पलायन हुनबाट रोक्न र कृषिमा आकर्षित गर्न**युवा लक्षीत कृषि विशेष कार्यक्रम** संचालन गरिने छ ।

12. कृषि पेशलाइ सम्मानीत पेशाको रुपमा विकास गर्नको लागी तथा नियमित उत्पादन लाइ निरन्तरता दिन र कृषि उत्पादनमा आकार्षित गर्न **"गाउपालीका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम"** संचालन गरिने छ । आगामी आव मा कम्तीमा १५ जना उत्कृष्ट कृषकहरुलाइ पुरस्कृत गरिने छ ।

13. पालीका स्तरमै विभिन्न वालिका गुणस्तरिय वीउहरु उत्पादन गरी सहज रुपमा कृषकहरुमा वितरण गर्न वीउ उत्पादन कार्यक्रमलाइ प्रोत्साहन गरिने छ । निजी फर्म समुह तथा सहकारीको माध्यमबाट विभिन्न खद्यान्न वलीका उन्नत वीउहरु उत्पादन गर्न अनुदान सहयोगका कार्यक्रम संचालन गरिनेछ। र बर्षको एक पटक गाउँपालिका स्तरिय हाट बजार तथा कृषि मेला प्रर्दशनी संचालन गरिनेछ ।

14. पालीका क्षेत्रको माटोलाइ गुणस्तरीय बनाइ राख्न र उत्पादकत्व वढाउन नियमित माटो जाच सेवालाइ निरन्तरता दिइने छ । भकारो सुधार गरी प्राङ्गारीक उत्पादनमा वृद्धी गर्न अनुदानमा भकारो सुधार कार्यक्रम  तथा प्राङ्गारीक मललाई प्रोत्साहन गरी युरिया तथा अन्य रसायनिय मललाई निरुत्साहित गर्दै लगीनेछ ।

15. परम्परागत रुपमा उत्पादन हुदै आएका रैथाने वालिहरुको प्रवर्धन ,संरक्षण तथा उपभोगमा प्रोत्साहन गरिने छ।

16. कृषि विकासमा योगदान गर्न पालीका स्तरमा गठन भै संचालनमा आएका कृषक समुहहरुको संस्थागत क्षमता वृद्धी गर्दै कृषि क्षेत्रमा थप योगदान गर्न उत्कृष्ट कृषक समुह प्रतियोगती संचालन गरिने छ ।

17. कृषि क्षेत्रमा प्राकृतिक रुपमा हुने जोखीम तथा प्रकोपबाट पुग्ने क्षतीबाट कृषकहरुलाइ निरुत्साहीन हुन नदिनको लागि कृषि विमा कार्यक्रममा प्रोत्साहन गरिने छ ।

18. राष्ट्रीय अभियानको रुपमा शुरु भएको **किसान सुचिकरण कार्यक्रमलाइ** पालीकामा अभियानको रुपमा संचालन गरी कृषि तथ्याकको अध्यावधीक गरी किसानको पहिचान सहितको परिचय पत्रका माध्यमबाट अनुदानका कार्यक्रमलाइ व्यवस्थित गरिने छ । आगामी पहिलो वर्ष किसान सुचिकरण अभियानलाइ प्राथमिकतामा राखी पर्याप्त वजेट विनियोजन गरिने छ ।

**राजस्व निति**

- कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ ।कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- आर्थिक रुपले विपन्न,अशक्त र असहाय अवस्थामा रहेका नागरिक मैत्री कर प्रणाली विकसित गरिनेछ
- यस गाउँपालिका क्षेत्र भित्र रहेका अधिकांश नदि र खोलाहरुको वातावरण प्रभाव मुल्याँकन IEE गरि खोला र नदिबाट ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा लगायतका दहत्तर ,बहत्तर शुल्क,विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसाय करको दायरामा लिइनेछ ।
- घरजग्गा नक्शापास गरिसकेपछि मात्र घर निर्माण गर्ने व्यवस्था क्रमश लागु गर्दै लैजाने व्यवस्था गरिनेछ ।
- वडा स्तरबाटै राजस्वलाई सूचना प्रविधिको दायरमा लिई सफ्टयर मार्फत रसिद काट्ने व्यवस्था गरिनेछ ।

- यस गाउँपालिका भित्र रहेका पसल व्यवसायिहरुलाई कर सम्वन्धि जनचेतना मूलक अभिमुखिकरण कार्यक्रम संचालन गरी कर संकलन लाई बढोत्तरी गरिनेछ ।
- बार्षिकरुपमा धेरै दुध र मासु उत्पादन गर्ने किसानहरुलाई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

**उद्योग व्यापार तथा पर्यटन तर्फ**

1. पालिका क्षेत्रमा संचालन भएका बैधानीक तथा अवैधानिक पसलहरुको लागत तयार गरि अवैधानिक पसलहरुलाई बैधानिक रुपमा संचालन गर्न लगाई स्थानीय व्यापार व्यवसाय कर संकलन कार्यको थालनी गरिनेछ ।
2. बजारमा आधारित लगानीको बातावरण सिर्जना गरि श्रम गर्ने नागरिकहरुलाई उत्पादनशील, विभेदरहित शोषणमुक्त, मर्यादित, सुरक्षित र स्वस्थ कामका अवसर प्रदान गरिने छ ।
3. यस गाउँपालिका क्षेत्र भित्र बन्ने भौतिक पूर्वाधार तथा अन्य श्रममुलक कामका लागि गाउँ पालिकाबासी लाई प्रथम प्राथमिकता दिदै यस्ता श्रम मुलक कामको ज्याला बृद्धीगरी प्रति व्यक्ती आयमा बृद्धि गदै गरिवि न्युनिकरणमा जोड दिईने छ ।

## पुर्वाधार विकास संग सम्वन्धीत नीति

1. गाउँपालिकाको स्थायी केन्द्र बड्डीचौर र केहि वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि आर्थिक प्राविधिक तथा अन्य साझेदारी कार्यक्रम प्रदेश र संघ सरकार संग समन्वय गरि कामको थालनी गरिनेछ ।
2. हाल सम्म गाडी नपुगेका भेरी पारीका वस्ती हरुमा मोटरवाटो पुयाउनको लागि नदिमा मोटरेवल पुल निर्माण गर्नका लागि सम्वन्धित सरोकारवालाहरु संग समन्वय गरेर पुल निर्माणको कार्यको थालनि गरिने छ ।
3. २०७१ सालका वाढी पिडितहरुको स्थानान्तरण र पुनस्थापनाको लागि आवश्यक पहल गरिने छ।
4. यस गाउँपालिका भित्र खरको छाना भएका घरहरु लाई क्रमश जनता आवास कार्यक्रम मार्फत जस्तापाता उपलव्ध गराइनेछ ।
5. दिगोरुपमा संचालन हुन नसक्ने तथा प्रतिफल हाँसिल हुन नसक्ने टुक्रे खालका योजना लाई निरुत्साहित गरिने छ ।
6. पूर्वाधार विकास कार्यमा जनपरिचालन र लागत जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ । अधुरा तथा क्रमागत योजनाहरुलाई पूर्णता दिईनेछ ।
7. एक गाउँ एक नमुना योजनालाई प्राथमिकता दिईने छ ।
8. खानेपानी नपुगेका वडा तथा वस्तीहरुमा खानेपानी पुरयाउने कामको थालनी गरिनेछ ।
9. एक घर एक धारा अभियान संचालनमा ल्याउन सरोकारवाला विच समन्वय सहकार्य गरि कार्य प्रारम्भ गरिने छ ।
10. रिङ्ग रोड निर्माण, ग्रामिण सडक निर्माण र कृषि सडक निर्माणको कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।
11. हाल सम्म संचालनमा आएका सडक र अव बन्ने सडकहरुलाई मुख्य सडक, सहायक सडक र भित्रि सडकको रुपमा स्तर तोकि सोहि अनुसार प्राथमिकता तोकी निर्माण कार्य अगाडी बढाइने छ ।
12. सडक संजालले नछोएका वडा र वस्तिहरुलाई सडक संजाल भित्र पर्नेगरी सडक निर्माण कार्यलाइ पहिलो प्राथमिकता दिईनेछ ।

13. ग्रामिण कृषि पुर्वाधार, संकलन केन्द्र निर्माण तथा ग्रामिण कृषि सडक विस्तार गरिनेछ ।
14. विद्युत लाइन नपुगेको टोलमा ग्रामीण उज्यालो कार्यक्रम संचालन गरिनेछ ।
15. थोपा सिचाई, लिफ्ट सिँचाई, सोलार पम्पिङ गरि सिँचाई पुर्वाधार निर्माण गरि कृषि क्षेत्रको विकास र विस्तार गरिनेछ ।
16. झोलुङ्गे पुल नभई आवत जावतमा समस्या भएका स्थान र वस्तिको लागी झोलुङ्गे पुल निर्माणका लागी पहल गरिनेछ ।
17. स्थानीय पूर्वाधार विकास दिगो र भरपर्दो बनाउन श्रममुलक, वातावरण मैत्री, सहभागितात्मक कार्य प्रर्णाली अपनाईनेछ ।
18. स्थानीय जनताको जीविकोर्पाजनमा टेवा पुरयाउनेगरि स्थानीय पुर्वाधार विकासका कार्यक्रमहरु तर्जुमा गर्ने कार्यलाइ प्राथमिकता प्रदानगरि पूर्वाधारहरु स्वामित्वका आधारमा सम्वन्धित उपभोक्ता समितिलाई संचालन र मर्मत सम्भारका लागि जिम्मेवार वनाईने छ ।
19. आर्थिक रुपमा सवैभन्दा पछि परेका जनजाती दलित, पिछीडीएका र उपेक्षित समुदाय एवम अपांगहरु लाई स्थानीय पूर्वाधार विकास कार्यक्रममा लाभाम्वित एवं सहभागी गराउने नीति अवलम्बन गरिनेछ ।
20. गैर सरकारी संस्था, सामुदायिक संघ संस्था एवम उपभोक्ता समुह तथा निजी क्षेत्रलाई साना तथा स्थानीय पुर्वाधार विकासमा साझेदार निकायको रुपमा संलग्न गराइने छ ।
21. सहभागितामुलक कार्यक्रम तर्जुमा,कार्यान्वयन,अनुगमन तथा मूल्याँकन प्रकृया अनुसरण गरिनेछ।
22. उपयुक्त स्थानमा शहरी योजना बनाई बस्ती बिकास कार्यक्रम संचालन गर्न प्रदेश सरकार र संघिय सरकार सँग सहकार्य गरिने छ ।
23. बराहतालको बड्डीचौर लगाएतका बजार उन्मुख बस्तीहरुमा भवन निर्माण मापदण्ड लागु गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
24. तरंगा, साजघाट, फिनीकाडा, रानीघाट, पाम्का, तेलपानी, चेपाङ्ग, विउरेनी, लामाखाली, वत्तिसे, सुकरमाला जस्ता स्थानहरुमा स्वच्छीक एकिकृत वस्ति विकास गर्न पहल गरिने छ ।
25. शहर उन्मुख क्षेत्रमा बजार र बस्ती बिकास गर्न रिङ्रोड, नाला, ग्रीन पार्क चिल्ड्रेन पार्क लेण्ड फिल्ड साईटको व्यवस्था गरिने छ ।
26. गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्था सहित कानुनी दायरामा ल्याइ त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ । गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना मापदण्ड तयार गरी व्यवस्थित गरिनेछ ।
27. पूर्वाधार विकाससंग आवद्ध व्यक्तिहरुलाई तालिम संचालन गरी परिक्षण तथा प्रमाणपत्र वितरण गरिनेछ ।

## सामाजिक विकास संग सम्वन्धीत नीति

### शिक्षा तथा खेलकुद तर्फ

१. शिक्षक कर्मचारीको अपुग दरबन्दीलाई व्यबस्थापन गर्न अनुदान शिक्षकको निती लिईनेछ ।
२. बिद्यालयका बाल बिकास स.का.तथा कर्मचारीहरुको प्रोत्साहन भत्ता कार्यक्रमलाइ निरन्तरता दिदै महंगी भत्ता स्वरुप थप रकम उपलब्ध गराउने कार्यक्रम ल्याइनेछ ।
३. प्राबिधिक शिक्षा संचालनमा बिशेष जोड दिइनेछ ।

४. बिद्यालय स्तरमा शैक्षिक गुणस्तर बृद्धि गर्न थप क्रियाकलाप जस्तै : गुनासो पेटिका व्यबस्थापन, अनाथ छात्रबृत्ती, जेहेन्दार छात्रबृत्ती ,शैक्षिक सामाग्री सहयोग ,कक्षा कोठा व्यबस्थापन सहयोग आदी संचालन गरिनेछ ।

५. बिद्यार्थी भर्नादर बृद्धि तथा कक्षा छाड्ने , दोहोराउने दर र टिकाउने दर न्यून गर्न शैक्षिक सत्रको शुरुमा बिद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाइनेछ ।

६. बिद्यालय संचालन प्रक्रियालाई सूचना प्रबिधी मैत्री बनाउन आबश्यक कार्यक्रम सहित प्रेरित गरिनेछ ।

७. अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. आधारभुत तह बाल बिकास देखी कक्षा ५सम्म दिवा खाजा कार्यक्रम संचालन गरिनेछ ।

९. शिक्षक तथा कर्मचारीको क्षमता बिकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०. मातृभाषाका कक्षा संचालन गर्ने बिद्यालयलाई प्रोत्साहन गरिनेछ ।

११. सामुदायिक सिकाइ केन्द्रलाई थप व्यबस्थित गरिनेछ ।

१२. बिद्यालयहरुको भौतिक पुर्वाधार बिकासमा जोड दिइनेछ ।

१३. शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादनको आधारमा प्रोत्साहन र दण्डको निति अबलम्बन गरिनेछ ।

१४. बाल बिकास केन्द्रका सहजकर्ताहरुको क्षमता बिकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. बिद्यालयमा बिज्ञान तथा कम्प्युटरल्याव र ई-लाइब्रेरी स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै कम्प्युटर शिक्षालाई बिशेष जोड दिइनेछ ।

१६. बिद्यालय अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१७. बिद्यालयका महिला शिक्षिका तथा छात्राहरुकालागि सेनेटरी प्याड निर्माण र बितरण कार्यक्रम लागु गरिनेछ । (आ.वि. तथा मा.वि.)

१८. बालबिकासलाइ उच्च प्राथमिकताका साथ व्यबस्थापन गरिनेछ साथै सिकाइका लागि मन्टेश्वरी बिधी लागु गरिनेछ ।

१९. खेलकुदको प्रबर्दनको लागि खेलकुद कार्यक्रम संचालन निर्देशिका बनाई व्यबस्थित गरी अघि बढाइनेछ ।

२०. बराहताल गाउपालिका अन्र्तगतका खेलकुद प्रशिक्षक तयार गरी बराहताल गाउपालिका स्तरिय खेलकुद कार्यक्रमलाई व्यबस्थित गर्दै निरन्तरता दिइनेछ ।

२१. खेलकुद बिकासको लागि आबश्यक बहुउद्धेश्यीय रंगाशाला लगायतका आबश्यक पुर्वाधारहरुको तयारी गरिनेछ ।

२२. प्रत्येक बिद्यालयमा क्रमशः बिद्युतिय हाजिरीको व्यबस्था गर्दै लगिनेछ ।

२३. बिद्यालय गाभ्ने कार्यलाई बिशेष प्रोत्साहन दिइनेछ ।

२४. प्रत्येक बिद्यालयमा प्राथमिक उपचारको व्यबस्था गरिनेछ ।

२५. दलित ,जनजाती तथा लोपोन्मुख जातीका बालबालिकाहरुलाई बिद्यालयमा निरन्तरताका कार्यक्रम संचालन गरिनेछ ।

२६. अनाथ,अपाङ्ग छात्रबृत्ती कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२७. शिक्षाका साझेदार संथाहरुलाइ पनि समाहित गर्दै लगिनेछ ।

२८. बराहकप खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२९. एक बिद्यालय एक घेराबार सहितको बगैचा कार्यक्रम संचालन गरिनेछ ।

३०. कोभिड १९ को सुरक्षात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

३१. क्वारेन्टाइनको रुपमा प्रयोग भएका बिद्यालयहरुलाइ पुन : भबिश्यमा आइपर्ने यस्तै बिभिन्न किसिमका बिपद व्यबस्थापनको लागि भौतिक सुबिधायुक्त बनाउने निती लिइनेछ ।

३२. बिद्यालय शिक्षालाइ प्रबिधीमैत्री बनाइने छ ।

३३. बिद्यालयको आत्मनिर्भरताको लागि आयआर्जनका कार्यक्रम संचालन गरिनेछ ।

३४. प्रत्येक मा. वि. लाई प्रविधिमैत्री बनाउन दुर्तगतिको ईन्टरनेट सेवा संचालन गर्ने कार्यक्रम ल्याईनेछ । भविश्यमा क्रमश: अन्य विद्यालयहरुमा पनि बिस्तार गरिनेछ ।

३५. बैकल्पीक शिक्षा दुर शिक्षा लाई प्रोत्साहन गरिनेछ ।

३६. जिल्ला स्तरको राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गरिनेछ ।

३७. अभिभावकको प्रत्यक्ष अभिभावकत्व नपाएका बालवालिकाहरुको संरक्षण र उद्धारको लागि उचित व्यवस्था गरिनेछ ।

**<u>लैङ्गीक समनता तथा सामाजीक समावेशीकरण</u>:**

1. महिला विकास कार्यक्रमलाई परिमार्जन गरि बिगतका असल अभ्यास र उपलब्धि लाई संस्थागत गर्दै महिला समुहद्धारा प्रबर्द्धित संस्थाहरुलाई उत्पादनमुलक,व्यवसायमुलक तथा स्वरोजगारको क्षेत्रमा परिचालन गरिनेछ ।
2. पिछडिएका र बिपन्न महिला हरुको लागि क्षमता विकासमा आधारित सीपमुलक तालिमहरु सञ्चालन गरिनेछ ।
3. महिला सशक्तिकरण, समावेशीकरण र मूलप्रवाहीकरणका लागि महिला समुह समिति, संस्था गठन र परिचालन लगाएत महिला पुरुष समविकास तालिम सञ्चालन गरिनेछ ।
4. घरेलु हिंसामा परेका महिलाहरुको लागिआलयआर्जन गर्नसक्ने खालका सीपमुलक तालिम सञ्चालन गरिनेछ ।
5. कोभिड-१९ बाट प्रभावित महिला तथा बालबालिकाहरुको संरक्षण र उद्धार गरिनेछ ।
6. लैङ्गिक हिंसा न्युनिकरण कोष र बाल उद्धार कोष खडागरी उक्त कोषमा रकम जम्मा गर्ने र परिचालन गरिनेछ ।
7. बालबालिकाको हक अधिकार सम्बन्धि दिवसिय कार्यक्रम र अन्य सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
8. बालविवाह न्युनिकरण र मर्यादित महिनावारी सम्बन्धि बिद्यालय स्तरीय कार्यक्रम सञ्चालन गरिनेछ ।
9. बालक्लब गठन र बिद्यालय स्तरीय किशोरी समुह गठन गरी विद्यालय बाहिर रहेका किशोर किशोरीहरुलाई विद्यालय फर्काउने साथै पढ्दै कमाउदै कार्यक्रम संचालनमा उनिहरु लाई विशेष जोड दिईनेछ ।
10. बञ्चितिकरणमा परेका सबै समुदायका किशोरीहरुको आयआर्जन, क्षमता विकास र सशक्तिकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
11. हिंसापिडित महिला र बालबालिकाको संरक्षण र उद्धारको लागि न्यायोचित ब्यबस्थापन गरिनेछ ।
12. जेष्ठनागरिक हरुको हक अधिकार र न्यायोचित ब्यवस्थापनको निमित्त जेष्ठनागरिक सम्मान कार्यक्रमलाई निरन्तरता लिईनेछ ।
13. प्रत्येक वडामा जेष्ठनागरिकहरुको हक अधिकारको लागि कल्याणकारी समिति गठन गरिनेछ ।
14. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार व्यवस्थापनको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
15. अपाङ्गता भएका क र ख वर्गका व्यक्तिहरुको परिचयपत्र छनविन गरी संशोधनगरिनेछ ।
16. अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक, एकल महिला, लैङ्गिक यौनिक तथा अल्पसंख्यक र अन्य विशेष अबस्थामा रहेका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी सम्बन्धित निकायमा उपलब्ध गराईनेछ।
17. चौमासिक, अर्धबार्षिक एवं बार्षिक रुपमा सन्देशमुलक सामग्री ब्रुसर सुचना प्रकाशन गरीनेछ ।

18. द्वण्द्व पिडित बालश्रमिक बेचबिखनमा परेका अभिभावक गुमाएका र जोखिममा परेका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी उनिहरुको संरक्षण गरिनेछ ।
19. बालबालिका उपर हुने सबै प्रकारका हिंसा अपराध विरुद्ध शुन्य सहनशिलताको नीति अबलम्बन गरिनेछ ।

**सामाजिक विकास तथा स्वास्थ्य नीति**

बिश्वयापी रुपमा फैलिएको कोभिड—१९ महामारीको नियन्त्रण, रोकथाम र उपचारको अग्रपङ्तिमा रहेर महत्वपुर्ण योगदान गर्नुहुने स्वास्थ्यकर्मी र सुरक्षाकर्मी, सरसफाईकर्मी तथा संचारकर्मी प्रतिउच्च सम्मान र आभार प्रकट गर्दछु यस बिसम परिस्थितिमा गाउँपालिका विपदब्यबस्थापन कोसमा योगदान गर्ने दाताहरु, महामारीको प्रभाव न्यूनीकरणमा खाटिनुहुने जनप्रतिनिधि, राष्ट्रसेवककर्मचारी, सामाजिक तथा गैरसरकारी संघ—संस्था र बन्दाबंदी एवं व्यक्तिगत तथा सामाजिक दुरीको पालनाएवं संयम अपनाई स्थानिय सरकारलाई सहयोग गर्नुहुने आमनागरिकमा हार्दिक धन्यबाद ज्ञापन गर्दै जीवन रहे सबथोक रहन्छभन्ने मान्यता लाई आत्मसाथ गरि यस महामारीलाई परास्त गर्ने अभियानमा सबैलाई आ—आफ्नो स्थान बाट थप महत्त्वपूर्ण योगदान पुर्याउनआह्वान गर्दछु ।

1. कोभिड—१९ बाटउत्पन्न संकट ब्यबस्थापन गर्न स्थानिय सरकार उच्च प्राथमिकताका साथ सक्रिय छ स्थानीय तहमा क्वारेन्टाइनको ब्यबस्था, राहत बितरण, स्वास्थ्य संस्थामा आइसोलेसन कक्ष निर्माण, आबश्यक औषधि, स्वास्थ्य सामग्री र आवश्यक पूर्वाधारको शिघ्र विकासका लागि स्थानीय सरकारले बजेट प्रवाह र जनशक्ति परिचालन गरिरहेको छ।

2. सबै नागरिकलाई कोभिड—१९ बाटसुरक्षित राख्न जनस्तरमा मनोसामाजिक परामर्श सहितका सचेतानामुलुक कार्यक्रम संचालनका साथै घरेलु उपचार विधिबाट रोग प्रतिरोधीक्षमताबढाउने कार्यलाई प्रोत्साहनगरिनेछ ।

3. स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि आवश्यक वित्तिय श्रोत तथा गाउँपालिका स्थरिय विशेष कोष जस्तै स्वास्थ्य सेवाविकास कोष र आकस्मिक स्वास्थ्य सेवा कोषको स्थापना गरी संचालन ल्याइनेछ।

4. गाउँपालिका स्थरिय स्वास्थ्य सेवा व्यवस्थापन समिति, स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उप समिति र स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिहरुको व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी स्वास्थ्य संस्थाको व्यवस्थापन सुदृढगरिनेछ ।

5. गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्यशाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्यकर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौतागरी लागु गरिकार्य सम्पादनको आधारमा स्वास्थकर्मीहरुलाई उचित प्रोत्साहनको ब्यवस्था गरिनेछ ।

6. आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउन स्वास्थ्य संस्था मा तोकिएका औषधिको नियमित आपूर्ति गरी बिरामीको संख्या तथा रोगको आधारमा औषधिको मागआपूर्ति सन्तुलन गरिने छ।

7. महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएकाव्यक्ति, अशक्त, जेष्ठनागरिक, आर्थिक सामाजिक र शैक्षिक रुपमा विपन्नवर्ग र अन्य लक्षित समुहहरुका लागि विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालनगरिने छ ।

8. गाउँपालिकाले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरि लागु गरिने छर गाउँपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा (Buffer Stock) को व्यवस्था गरिनेछ ।

9. आकस्मिक स्वास्थ्य सेवाप्रदान गर्ने स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई थप सुविधा प्रदान गरिने छ ।

10. गाउँपालिका क्षेत्रभित्रका ६० वर्ष माथिका ज्येष्ठनागरिकहरुलाई आधारभूत तथा निःशुल्क स्वास्थ्य सेवा घरैमा गई प्रदान गर्ने व्यवस्था गरिनेछ । साथै ज्येष्ठ नागरिकहरुका लागि आँखाको उपचार निःशुल्कगरिनेछ ।

11. स्वास्थ्यसेवाको न्यूनतम गुणस्तर कायम गर्नसबै स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्य उपकरण, फर्निचर , पानी, शौचालय, फोहर विसर्जनको व्यवस्था गरिनेछ ।

12. आमा र नवजातशिशुको स्वास्थ्यमा सुधार ल्याउन आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्यइकाई प्रसुति केन्द्रमा( Birthing Center )को विस्तार गर्न विशेष पहल गरिनेछ ।

13. स्वास्थ्य प्रवद्र्धनको लागि स्वस्थआहार, विहार, व्यायाम, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ्य हरित पार्क, पुनरुथापना केन्द्र लगायतका केन्द्रहरु स्थापना गरिदै लगिनेछ ।

14. स्वास्थ्य सेवामाअधिकतम् उपयोग र सहभागिता बृद्धि गर्न सेवाग्रहीको व्यवहार परिवर्तनका लागि चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

15. स्वास्थ्य सुचनाप्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।

16. स्वास्थ्य कार्यक्रमको नियमितअनुगमन तथा मूल्याङकन र नियमन गर्ने संयन्त्रको विकास गरी लागु गरिने छ ।

17. गुणस्तरिय स्वास्थ सेवाको सुनिश्चितता र स्वास्थ्य सुशासन कायम गर्नको लागी कम्तिमा बर्षमा एक पटक सामाजिक लेखापरिक्षण सबै स्वास्थ संस्थाबाट गराईनेछ ।

18. महिलाहरुको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था विश्लेषण गरी अवाश्यकता अनुसार महिला केन्द्रित कार्यक्रम संचालन गरिनेछ ।

19. गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधार गर्न पोषण केन्द्रित विशेष कार्यक्रमलाई सन्चालन गरिने छ।

20. अन्तर्राष्ट्रिय विकास साझेदारहरबाट लिइने आर्थिक सहयोगलाई परिमाण तथा प्राथमिकता निर्धारण गरेर दोहोरोपना नहुने गरि प्रभावकारी परिचालन गराईनेछ ।

21. गाउँपालिका क्षेत्र भित्र रहेका सवै वडा तथा पहुँच बाहिरका बस्तीहरु मा निःशुल्क घुम्ती स्वास्थ्य शिविर संचालन गरी विशेषज्ञ सेवा बस्ती स्तरवाट पुर्याउनेछ ।

22. स्वास्थ्य संस्थामा जन्मिने बच्चाहरुलाई अनिवार्य रुपमा जन्म प्रमाण पत्र उपलब्ध गराई पञ्जिकरण विधिसंग जोडिनेछ ।

23. खोपएवं पोषण बृद्धि अनुगमन व्यबस्थित रुपमा संचालन गरिनेछ ।

24. पिछडिएको वर्ग तथा समुदायका दलित, जनजाति, महिला बालबालिकाहरुको निःशुल्क तथा आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्न सामाजिक परिचालन, सचेतना तथा प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ ।

25. प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, उत्कृष्ठ अभियान शुरु गरि क्रमबद्ध रुपमा बिस्तार गरिने छ ।

26. सामुदायीक स्वास्थ्यइकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुमा ल्यापटपको व्यवस्था गरि Internet को पहुँचबिस्तार गरि स्वास्थ्य संस्थाहरुबाट नै Online Reporting लाई बिस्तार तथा नियमित गरिनेछ ।

27. बराहताल गाउँपालिका उपाध्यक्षसंग सुनौलो १००० दिनको आमा भन्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

28. ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रमलाई पाईलोटिङ्गको रुपमा कुनाथरी स्वास्थ्य चौकी बाट विस्तार गरिनेछ ।

29. मानसिक रोग नियन्त्रणका लागी स्वास्थ्य शिविर, जनचेतनामुलक लगायत अन्य कार्यक्रमहरु संचालन गरिनेछ ।

30. सबै बर्थिङ्ग सेन्टरहरुमा अक्सिजन दिने व्यवस्था मिलाईनेछ ।

31. महिला स्वास्थ्य स्वयम सेविकाहरुको भुमिकालाई अझै प्रभावकारी बनाउन प्राथमिक उपचार किट बक्सको व्यवस्था गरिनेछ ।

32. प्रत्येक बर्थिङ्ग सेन्टरमा वारमर दिने व्यवस्था मिलाईनेछ ।

33. एम्बुलेन्स सेवालाई निरन्तरता  दिईनेछ ।

34. प्रयोगशालामा काम गर्ने कर्मचारिहरुलाई जोखिम भत्ता को व्यवस्था मिलाईने छ।

35. महिला स्वास्थ्य स्वयम सेविकाहरुको अवलोकन भ्रमणलाई निरन्तरता दिईनेछ ।

**संस्कृति प्रवर्द्धन :**

1. विभिन्न धर्म संस्कृती प्रति आस्था राख्ने सवै धर्मवालम्बीहरुलाई उच्च सम्मानका साथ मठ- मन्दीर, गुम्वा , चैत्य र चर्च आदिको संरक्षण एंव प्रर्वद्धन गर्दै धार्मिक सद्भभाव र धार्मिक पर्यटनको विकास गर्ने निती लिइनेछ ।
2. बराहताल गाउपालिका लाई जातिय भेदभाब, छुवाछुत मुक्त, छाउपडी प्रथा मुक्त तथा विभिन्न कुसंस्कार कुरिती रुढीबादी अन्ध विश्वास मुक्त गाउँपालिका घोषणा गरिने ।
3. गाउँपालिका भित्र सञ्चालनमा रहेका होमस्टेहरुको प्रभावकारी नियमन गर्दै होमस्टेलाई आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न महत्वपूर्ण आधारका रुपमा विकास गर्न विशेष प्रवन्ध गरिनेछ। होमस्टे संचालनको लागि प्रोत्साहन गर्ने, होमस्टे लाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकता र परम्परागत पेशा,अर्गानिक तथा घरेलु उत्पादनसँग आबद्ध गरी पर्यटन प्रवर्द्धन गरीनेछ

**सहकारी तर्फ**

1= गाउँपालिकामा रहेका सम्पूर्ण सहकारीहरुको अभिलेखिकरण गरी गाउँपालिका तथा वडा स्तरिय सञ्जाल गठन गरिनेछ ।

2= कृषि सहकारी, पशुपालन सहकारी, जडिबुटी सहकारी लगाएतका व्यवसाय मुलक सहकारीहरूलाई सक्रिय गराउनका लागी गाउँपालिका स्तरिय कृषि तथा पशुपंक्षी विकास शाखासंग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

3= सहकारी शिक्षालाई प्राथमिकता दिदै सहकारीका आर्थिक क्रियाकलापको समय - समयमा अनुगमन गरि आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ ।

4= बचत बृदि, ऋण प्रवाह तथा आय आर्जनका कार्यक्रम सञ्चालन गर्नका लागी अनुदान रकम उपलब्ध गराईनुका साथै आन्तरिक तथा देशका विभिन्न स्थानहरुमा रहेका उत्कृष्ठ सहकारीहरुको छनौट गरि अवलोकन भ्रमण तय गरिनेछ ।

5= सहकारी सम्बन्धी विभिन्न दिवसहरु मनाईनुका साथै उक्त अवसरमा गाउँपालिकाका विभिन्न विषयगत सहकारीका विभिन्न विधामा उत्कृष्ठ सहकारी शेयर सदस्यहरुलाई पुरस्कृत गरिनेछ ।

6= सहकारी शेयर सदस्यहरुलाई स्वरोजगारमा आकर्षित गर्ने उद्धेश्यले व्यवशाय तर्फ उत्प्रेरणा जगाउनका लागी उद्धमशिलता मार्फत लघु उद्धमहरुको विकास गरी प्रत्येक वडामा स्वरोजगारको लागी अवसरहरुको श्रृजना गरिनेछ ।

7= एक गाँउ एक सहकारीको नारालाई कार्यान्वियन गर्ने उद्यश्यले गाउँपालिकामा सहकारी घरघरमा रोजगारी को मर्मलाई सम्बोधन गर्न प्रत्येक वडाबाट पाँच पाँच वटा सदस्यहरु छनौट गरि शिप तथा प्रविधिमा आधारित कार्यक्रम संचालन गरिनेछ ।

8= विभिन्न विषयगत शाखामा आवद्ध समुहहरुलाई अझ क्रियाशिल बनाउनका लागी सहकारीमा रुपान्तरण गरीने निती ल्याईनेछ ।

9= सहकारी संस्थाको संस्थागत सुशासन , र सवलीकरण, सुद्रीढीकरणका लागी विभिन्न तालिमको व्यवस्था गरिनेछ ।

10= सहकारी संस्थाको नियमित अनुगमनको व्यवस्था गरिनेछ

11= गरिवी निवारण कोष अर्न्तगत समूहलाई सहकारीमा रुपान्तरण गरिनेछ ।

**संस्थागत क्षमता तथा सुशासन संग सम्वन्धीत नीति**

**वित्तिय अनुशासन तर्फ**

1. दरबन्दी अनुसार एवम प्रस्तावित O&M Survey अनुसार जनशक्ती ब्यबस्थापन गरिनेछ ।
2. भुक्तानी प्रणाली लाइ सरलीकरण ,सहजीकरण गर्न: वडा सचिव, प्राविधिक र उपभोक्ता समितिलाइ लेखाकन सम्बन्धी अनुशिक्षण कार्यक्रम सचालन गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ ।
3. कर्मचारीलाइ प्रोत्साहन कार्यक्रम : कामको चापको कारण नियमित कार्यालय समयमा मात्र नभइ अतिरिक्त समय बिहान साँझ सार्वजनिक बिदाको समयमा समेत कार्य गर्नु पर्ने भएकाले श्रमको मुल्य अनुसार आन्तरिक श्रोत बाट ब्यहोर्ने गरी प्रोत्साहनको ब्यबस्था गरीनेछ ।
4. बजेट बिनियोजन सम्बन्धमा सीमा :सानो रकमका टुक्रे आयोजना धेरै हुँदा आयोजनको प्रभावकारिता तथा कार्यान्वयनमा चुनौती सृजना हुने हुँदा कम्तीमा रु. ५००,००० ।सम्मका आयोजनामा बजेट बिनियोजन गरी थोरै गुणस्तरिय आयोजना निर्धारण गरिनेछ ।
5. कार्यक्रम बितरणमुखी भन्दा उत्पादनमुलक एव रोजगारमुलक आयोजना छनोट गरिनेछ।
6. आन्तरिक श्रोत अभिवृर्दि गर्न गाउँपालिका अधिकार क्षेत्र भित्र राजश्वको दायरा बिस्तार तथा कर प्रणालीमा समसामयिक सुधार गरिनेछ ।
7. कोभिड १९ को बिश्वब्यापी महामारीका कारण अर्थतन्त्रमा परेको प्रभावलाइ अध्ययन गर्दा घाटा बजेट पेश गर्न नहुने ।साथै चालू प्रकृतिका कार्यक्रमलाइ निरुत्साहित गरिनेछ ।
8. बितिय उतर्दायित्व आर्थिक अनुशासन पालना गर्ने गरी सबै भुक्तानी लिने सेवाग्राहीहरु लाइ जनचेतना जागरण संचालन गरिनेछ ।

9. बेरुजु फछ्यौट सम्परिक्षण तथा बिगतमा भएका पेश्कि बेरुजु तथा अन्य बेरुजुहरु समयमा नै फछ्यौट गर्ने गरी कार्ययोजना तयार गर्नु पर्ने । साथै आगामी दिनमा बेरुजु फछ्यौट नगर्ने कर्मचारी फर्म तथा सस्थाहरुलाइ कारवाही प्रक्रिया अगाडी बढाईनेछ ।
10. सार्वजनिक खर्चलाई नियमितता मितव्यियता , कार्यदक्षता , प्रभावकारी र औचित्यतताका आधारमा व्यवस्थित गरिनेछ ।
11. आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गराईनेछ ।
12. बार्षिक खरिद गुरुयोजना तयारी गरी खरिद प्रकृया लाइ ब्यवस्थित बनाईनेछ ।
13. गाउँपालिका चालू तर्फका बजेट शिर्षक अनुसारको प्रस्तावित राजश्व बाँडफाँडबाट र आन्तरिक आय बाट ब्यहोर्ने गरी चालू खर्च शिर्षकको बजेट सलग्न गरी पेश गरिननेछ।

**सूचना तथा संचार तर्फ**

1. गाउँपालिका बाट प्रदान गरिने सेवा र सुविधाको बारेमा नागरिकहरुलाई जानकारी गराउन नागरिक वडा पत्र, योजना किताव प्रकाशित र नागरिकको सेवा सुविधाको लागि हेल्पडेस्कको स्थापना, वा नागरिक सहायता कक्ष स्थापनामा जोड दिईनेछ ।
2. सूचना प्रविधिमा विशेषतः महिला, दलित, जनजाती, विपन्न वर्ग, अपाङ्ग एवम् ग्रामीण तथा विकट क्षेत्रका अन्य समुदाय समेतको पहुँच बढाउन विशेष अवसरहरू उपलव्ध गराइनेछ ।
3. गाउँपालिका विभिन्न गतिविधिहरुलाई डिजिटलाईजेसन गरिनेछ ।
4. व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीलाई वडा स्तरबाट अनलाईन माध्यमबाट कार्यन्वयनमा ल्याइनेछ र उक्त प्रणाली प्रयोगका लागि वडा सचिवहरुलाई आवश्यक तालिम संचालन गरिनेछ ।
5. सूचना प्रविधि क्षेत्रलाई प्रोत्साहित गर्नको लागि प्रत्येक शाखामा Extension फोनलाईन सेवाको व्यवस्था मिलाइनेछ
6. गाउँपालिकाले ५ वर्ष भित्र गरेको कामको अभिलेखाङ्कन गर्न भिडियो डकुमेन्ट्री बनाईनेछ ।
7. गाउँपालिकाको प्रशासनीक कार्यलाई छिटो छरितो र प्रविधि मैत्री बनाउन विभिन्न शाखामा Technology विस्तार गरिनेछ ।
8. गाउँपालिकाको प्रत्येक वडाहरुमा दुई वडा ईन्टरनेट सेवा संचालनमा ल्याई वडाका सवै कार्य अनलाईन मार्फत गरिनेछ ।
9. सूचना प्रविधिको माध्यमबाट ज्ञानमा आधारित उद्योगहरको स्थापना गरी रोजगारीमा अभिबृद्धि गरिनेछ ।
10. सूचना प्रविधि क्षेत्रको विकासका लागि सूचना प्रविधिको क्षेत्रमा संलग्न व्यक्ति, सार्वजनिक क्षेत्रका संस्थाहरू, शिक्षण संस्थाहरूलाई प्रोत्साहित गर्दै लगिनेछ साथै गैरआवासीय नेपाली तथा प्रदेश, संघ र अन्य संघ संस्थाहरुसंगको साझेदारी अभिवृद्धि गरिनेछ ।

**<u>बातावरण तथा विपद व्यवस्थापन</u>**

1. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषको रकममा वृद्दि गरिनेछ । सङ्घ,प्रदेश एवम् अन्तर स्थानीय तह, सरकारी तथा गैर सरकारी सङ्घ संस्थाबीच समन्वय गरिनेछ ।
2. समुदायको सहभागितामा वन तथा जैविक विविधताको दिगो संरक्षण गर्दै वन पैदावारको उचित सदुपयोग र व्यवस्थापन गरिनेछ । वनको जमिन खाली नराखिने नीति लिइनेछ ।
3. बराहताल गाउँपालिकालाई हरित गाउँपालिकाको रुपमा विकास गर्न वन कार्यालय संग समन्वय गरी जंगल संरक्षण कार्य अगाडी बढाईनेछ ।

4. गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालय, कार्यालय, सार्वजनिक स्थल पानीका मुहान क्षेत्र आदिमा प्लाष्टिकका झोला, कप जस्ता प्लाष्टिक जन्य फोहोरहरु क्रमशः निषेधित गरिंदै लगिनेछ ।
5. बड्डीचौर बजार क्षेत्रलाई हरीयाली सहित सफा र स्वच्छ राख्न वृक्षारोपण र फोहर विसर्जनको उचित व्यवस्थापन गर्दै ढल निकास लाई ब्यवस्थित गरिने छ ।
6. गाउँपालिकामा क्षेत्रमा आश्रय लिइ रहेका बाढी पिडितहरुलाई प्रदेश सरकारसंग सहकार्य आवास व्यवस्थापन गरिनेछ ।
7. गाउँपालिकाका जोखिमयुक्त स्थानहरुको पहिचान गरी विपद् सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
8. वनजंगलमा आगलागी र चोरी शिकार नियन्त्रणको लागि सम्वन्धित निकायसंग सहकार्य गरी जनचेतनामुलक कार्यक्रम गरिनेछ ।
9. जोखिमयुक्त स्थानमा तटवन्ध गर्न गाउँपालिकाको स्रोत साधनले सम्पन्न गर्न नसकिने खालका ठुला तटवन्धन लगाएतका कार्यलार्इ विभिन्न संध, संस्था, प्रदेश सरकार र संघिय सरकार संग सहकार्य गरिने छ ।
10. यस गाउँपालिका भित्र रहेका सामुदायिक वनको पूर्वाधार तथा संस्थागत विकास गरि क्षमता अभिवृद्धि गरिनेछ ।
11. बराहताल गाउँपालिका भित्र रहेका सामुदायिक वनबाट प्राप्त हुने राजस्वको नियम अनुसारको रकम गाउँपालिकामा वुझाउने व्यवस्था गरिनेछ ।

**सभाका सम्मानित अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

यो निती तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष,गाँउकार्यपालिकाका सदस्य ज्युहरु, विषयगत समिति,गाउँसभाका सदस्यहरु,विभिन्न राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी,निजी क्षेत्र,सहकारी क्षेत्र र नागरिक समाजका व्यक्तित्वहरु तथा बौदिक व्याक्तीहरुको प्राप्त सुझाव,सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा,समृद्ध गाउँपालिका निर्माण गर्ने अभिभारा र कोभिड १९ ले सिर्जना गरेको चुनौतीहरु वीच आएको यो बजेटको सफल कार्यान्वयनमा विगतमा जस्तै सबै पक्षको अपनत्व र पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु । साथै,मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई **समृद्ध बराहताल** निर्माणको हाम्रो सरकारको महान यात्रामा सहभागी हुन आब्हान गर्दछु ।

धन्यवाद !

शोभा कुमारी शर्मा